अन्तिम लेखापरीक्षण प्रतिवेदन

ठोरी (सुवर्णपुर) गाउँपालिका
पर्सा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

ठोरी (सुवर्णपुर) गाउँपालिका
पर्सा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

ठोरी (सुवर्णपुर) गाउँपालिका

पर्सा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेश प्रदेश

मितिः२०८१।०२।१३

प.सं. - २०८०।८१
च.नं. - १३५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
ठोरी (सुवर्णपुर) गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा ।

१. कैफियत सहितको राय — हामीले यस ठोरी (सुवर्णपुर) गाउँपालिका पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.९९ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२२ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५८ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.१७ लाख ४३ हजार र पेश्की बाँकी रु.१ लाख समेत गरी यस वर्ष रु.९९ लाख ८८ हजार बेरुजू कायम रहेको छ । ठोरी (सुवर्णपुर) गाउँपालिकाको गतवर्ष सम्म रु.२४ करोड ८५ लाख २८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ८५ लाख १६ हजार रहेको छ । **ठोरी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ** ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कपुरकोट गाउँपालिकासँग हामी

स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्‍वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कपुरकोट गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्तले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

ठोरी (सुवर्णपुर) गाउँपालिका,
पर्सा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७०	१०१	९९८८	०	०	०	७०	१०१	९९८८	२२७८	१७४३	५८६७	०	०	७६१०	१००

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	२४८५२८	०	०	२४८५२८	०	९९८८	२५८५१६

३. बेरुजु सम्परीक्षणको विवरण

क. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	गत विगत वर्षतर्फको	-	-	-
	२०७८।७९	-	-	पेश नभएको
	२०७७।७८	-	-	पेश नभएको
	२०७६।७७	-	-	पेश नभएको
	कुल जम्मा	-	-	

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय -**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस ठोरी गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ। यस गाँउपालिका अन्तर्गत ५ वडा, १२८.६७ वर्ग किलोमिटर क्षेत्रफल र करिव १७२१९ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य -**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **संवैधानिक तथा कानुनी व्यवस्था -**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही पालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार गाउँसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम पालिकाले कार्य गर्दै आएको छ ।

४ **लेखापरीक्षणको क्षेत्र र अवधि -**

यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१२ देखि २०८०।०९।१६ सम्म रहेको छ ।

५ **आर्थिक कारोवारको स्थिती -**

आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	४७,९०,४४,९३७	४१,९८,४०,१६०.१५	४१,९८,४०,१६०.१५	४०,४६,४२,७३६.१०	४०,४६,४२,७३६.१०
क. प्राप्ति (संचितकोषमा	४७,७९,९४,९३७	४१,६६,३६,८८८.१५	४१,६६,३६,८८८.१५	४०,२७,९७,९५१.१०	४०,२७,९७,९५१.१०

आम्दानी बाँधिने)					
११००० कर	९,०८,३९,०००	७,१४,१९,६५५.६५	७,१४,१९,६५५.६५	७,४८,१६,४५४.७१	७,४८,१६,४५४.७१
१३००० अनुदान	३५,७२,८६,०००	३३,७३,९८,२९९.१५	३३,७३,९८,२९९.१५	३२,६२,४८,११६.७५	३२,६२,४८,११६.७५
संघीय सरकार	३४,२५,६५,०००	३२,४७,०६,४११.१५	३२,४७,०६,४११.१५	३१,२२,११,११६.७५	३१,२२,११,११६.७५
प्रदेश सरकार	१,४७,२१,०००	१,२६,९१,८८८	१,२६,९१,८८८	१,४०,३७,०००	१,४०,३७,०००
१४००० अन्य राजस्व	५९,००,०००	७८,१८,९३३.३५	७८,१८,९३३.३५	१७,३३,३७९.६४	१७,३३,३७९.६४
३२००० वित्तीय सम्पत्ति	२,३९,६९,९३७	०	०	०	०
ख. अन्य प्राप्ति	१०,५०,०००	३२,०३,२७२	३२,०३,२७२	१८,४४,७८५	१८,४४,७८५
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरु	१०,५०,०००	१०,५०,०००	१०,५०,०००	९,४७,५००	९,४७,५००
धरौटी	०	२१,५३,२७२	२१,५३,२७२	८,९७,२८५	८,९७,२८५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
भुक्तानी (ग+घ)	४७,९०,४४,९३७	४३,४२,५९,२६३.६५	४३,४२,५९,२६३.६५	३९,९३,४९,९१३.८३	३९,९३,४९,९१३.८३
ग. भुक्तानी (सञ्चित कोषबाट)	४७,७९,९४,९३७	४३,१७,८५,०८६.६५	४३,१७,८५,०८६.६५	३९,७८,८५,३७२.८३	३९,७८,८५,३७२.८३
२१००० पारिश्रमिक / सुविधा	१५,१७,५९,०००	१४,११,३८,०१८.३२	१४,११,३८,०१८.३२	१०,१७,०५,२७६.३८	१०,१७,०५,२७६.३८
२२००० मालसामान तथा सेवाको उपयोग	११,७२,९२,०००	१०,२९,२६,२४१.६३	१०,२९,२६,२४१.६३	१२,४८,६२,६८५.४५	१२,४८,६२,६८५.४५
२५००० सहायता (Subsidy)	६,५०,०००	६,४३,२५१	६,४३,२५१	१३,००,०००	१३,००,०००
२७००० सामाजिक सुरक्षा	७८,०३,०००	७५,३९,७६३	७५,३९,७६३	९९,७०,५०२	९९,७०,५०२
२८००० अन्य खर्च	१३,६०,०००	१०,२१,८८०	१०,२१,८८०	३,४८,५८,१००	३,४८,५८,१००
३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च	१९,९१,३०,९३७	१७,८५,१५,९३२.७०	१७,८५,१५,९३२.७०	१२,५१,८८,८०९	१२,५१,८८,८०९
घ. अन्य भूक्तानी	१०,५०,०००	२४,७४,१७७	२४,७४,१७७	३९,९३,४९,९१३.८३	३९,९३,४९,९१३.८३

कोषहरु	१०,५०,०००	१०,५०,०००	१०,५०,०००	९,४७,५००	९,४७,५००
धरौटी	०	२१,५३,२७२	२१,५३,२७२	५,१७,०४१	५,१७,०४१
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी		(७,२९,०९५)	(७,२९,०९५)		
ङ. यो वर्षको बचत (न्युन)		(१,४४,१९,१०३.५०)	(१,४४,१९,१०३.५०)	५२,९२,८२२.२७	५२,९२,८२२.२७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२,३९,६९,९३६.१४	२,३९,६९,९३६.१४	४,५४,८०,४४९.८५	४,५४,८०,४४९.८५
वर्षान्तको बाँकी रकम (ङ+च)		९५,५०,८३२.६४	९५,५०,८३२.६४	५,०७,७३,२७२.१२	५,०७,७३,२७२.१२
बैंक तथा नगद बाँकी		९५,५०,८३४.६४	९५,५०,८३४.६४	१,४७,४८,४५४.९५	१,४७,४८,४५४.९५

६ लेखापरीक्षणको क्रममा असुली -

गत आ.व.२०७८।७९ को मा कट्टी भई दाखिला गर्न बाँकी रु.७,१६,६०१ राष्ट्रिय वाणिज्य वैंकमा मिति २०८०।१०।४ मा दाखिला गरेको छ ।

७ लेखापरीक्षणको सीमा -

महालेखापरीक्षकको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना,२०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानुनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन।लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०८०।९।१६ मा छलफल सम्पन्न गरिएको छ।लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्-

८ लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -

लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

९ बजेट तथा कार्यक्रम (स्थानीय तह) -

९.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष गोकुली कुमारी रेग्मीले मिति २०७९।३।३० गते रु.४४ करोड ७५ लाख २९ हजार ९३७ बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गरी वित्तीय अनुशासन कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.४ **आयोजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८०मा निम्नअनुसार ५ वडाको लागि वडास्तरका १०४ र पालिकास्तरका ८५ गरी कूल १८९ योजनामा वजेट विनियोजन गरेको छ। जसमध्ये १७८ वटा मात्र संचालन भई रु. १७,८५,१५,९३२।७० खर्च गरेको छ भने ११ वटा योजनामा शुन्य प्रगति देखिएको छ ।

क सं	कार्यक्रमको नाम	रु २० लाख १ माथिका योजना सं	रु ५ लाख १ देखि २० लाख सम्मका योजना सं	रु ५ लाखभन्दा कमका योजना सं	कुल योजना सं	कार्यान्वयन
१	पालिकास्तरीय	२४	३७	२४	८५	७८
२	वडास्तरीय	०	८	९६	१०४	१००
	जम्मा	२४	४५	१२०	१८९	१७८

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकाश रुपमा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।

सैद्धान्तिक बेरुजु

९.५ **मध्यकालिन संरचना र रकमान्तर** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार कार्यपालिकाको निर्णयानुसार यस वर्ष रु.२ करोड ६ लाख ५० हजार घटिगरी रु.२ करोड ८२ लाख ५० हजार बढी रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १०	आय र व्यय बिश्लेषण -

**१०.१	आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय (गत वर्षको अल्या सहित)	आन्तरिक आय प्रतिशत
४०६६३६७१६।०५	४६६५७११।९४	१।१५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**१०.२	खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आय रु. ४६ लाख ६५ हजार ७११, राजस्व बाँडफाँड रु.७ करोड ४५ लाख ७२ हजार ८७७ र अनुदानबाट रु.३४ करोड ६० लाख ६१ हजार समेत रु.४२ करोड ५२ लाख ९९ हजार ५८९ आम्दानी भएकोमा चालुतर्फ रु.२५ करोड ३२ लाख ६९ हजार १५३ र पूँजिगततर्फ (एकिकृत स्वास्थ्य पूर्वाधार वाहेक) रु.१७ करोड ८५ लाख १५ हजार ९३२ गरी जम्मा रु ४३ करोड १७ लाख ८५ हजार ०८६।१५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ४१.३४ र पूँजिगत ५८.६६ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१०.३	क्षेत्रगत बजेट तथा खर्च** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

क्र सं	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	४,८३,२०,०००	३,८९,००,५२१	८०.५१
२	सामाजिक विकास	२०,३३,८२,०००	१९,५५,५८,३४२	९६.१५
३	पुर्वाधार विकास	९,७८,२०,९३७	८,८८,०९,३५१	९०.७९

४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,४०,९०,०००	१,०८,८४,७५४	७७.२५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	११,४३,८२,०००	९,७६,३२,११७	८५.३६

लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.४ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम त्रैमासिकमा ६.८६ प्रतिशत, दोश्रो त्रैमासिकमा १४.३९ प्रतिशत, तेश्रो त्रैमासिकमा ३३.६६ प्रतिशत र अन्तिम त्रैमासिकमा ४५.०९ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको २३.५८ प्रतिशत खर्च गरेको छ । निर्माण कार्यको गुणस्तरियता थप सुदृढ गर्न अन्तिम त्रैमासिकमा हुने खर्चलाई निरन्तर घटाउदै लैजाने प्रवृतिलाई निरन्तरता दिँदै दोश्रो तेस्रो त्रैमासिकमा नै खर्च गर्ने तर्फ थप पहल गर्नु पर्दछ ।

कुल पुँजीगत खर्च	त्रैमासिक खर्च				अषाढको खर्च
	प्रथम	दोस्रो	तेस्रो	चौथो	
१७८५१५९३३	१२२४८६१८	२५६८६३२२	६००८०४३२	८०५००५६१	४२०९६८१८
प्रतिशत	६.८६	१४.३९	३३.६६	४५.०९	२३.५८

सैद्धान्तिक बेरुजु

११ **आन्तरिक नियन्त्रण व्यवस्था** -

११.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । सोही बमोजिमा पालिकाले त्रैमासिका रुपमा आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन गर्नुपर्ने र अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजुहरु फस्यौंट गर्नुपर्ने व्यवस्था छ तर यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन । वित्तीय समानिकरण, शसर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन-

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तीय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरिज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानुनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्च शीर्षकबाट रु.६,४३,१०० र भ्रमण खर्च शीर्षकमा ८, ५३,९०० खर्च लेखेकोमा दैनिक भ्रमणको अभिलेख राखेको छैन । भ्रमण आदेश चलनी गरेको छैन भने भ्रमणको उद्देश्य समेत खाली राखी भ्रमण स्वीकृत गरेको, अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन समेत गरेको छैन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१७ करोड ८५ लाख १५ हजार ९३३ रुपैया, मसलन्द तथा कार्यालय सामग्रीमा रु.२६ लाख ९९ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो

हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,

- बोलपत्र/सिलवन्दी दरभाउपत्र मार्फत निर्माण गराएको ठेक्का सम्मझौतामा निर्माण व्यवसायीले सम्झौता भएको मितिले ३० दिने भित्र अद्यावधिक कार्यक्रम पेश गर्नुपर्ने अन्यथा सम्झौता बमोजिमको रकम रोक्का राख्ने उल्लेख भएकोमा सो प्रावधान लागू गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

सैद्धान्तिक बेरुजु

११.४ **विवरण नपठाएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको छैन ।

सैद्धान्तिक बेरुजु

१२ कानुन निर्माण र न्याय सम्पादनको स्थिति -

१२.१ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानुनहरु निर्माणको क्रममा रहेको जाएको छ । पालिकाबाट सम्पादन हुने विकास निर्माण र सेवा प्रवाहलाई व्यवस्थित गर्न अविलम्व आवश्यक ऐन, नियम,कार्यविधि, निर्देशिकाहरु तयार गरी सेवा प्रवाह व्यवस्थित र प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा न्यायिक समितिको प्राप्त कार्य प्रगति सम्बन्धमा जानकारी माग गर्दा पालिकाले छलफल र मेलमिलापको माध्यमबाट विवादहरु समाधान गर्ने गरेको जनाएको छ । न्यायिक समितिको क्षमता विकास गरी समितिको काम कारवाहीलाई प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **सम्पति उपयोग र संरक्षण (स्थानीय तह) -**

सार्वजनिक सम्पति व्यवस्थापन - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।त्यस्तै जिन्सी श्रेस्ता व्यवस्थित गर्न म.ले.प.फा.न.४०१ देखि ४१८ सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेतापनि गाँउपालिकाले सबै किसिमका सम्पति खरिदमा PAMS को प्रयोग गरेको छैन भने यस वर्षको जिन्सी निरीक्षण गराई प्रतिवेदन समेत तयार गरेको छैन।जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **वित्तीय विवरण परीक्षण (स्थानीय तह)**

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

१४.१ **वित्तीय विवरणको यथार्थता -** यस पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तयार गर्नुपर्छ।पालिकाले एकिकृत स्वास्थ्य

पूर्वाधार विकास कार्यक्रम रु.८,२६,९१,३२३ र सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,८९,५५,४६३ CGAS मा मात्र लेखाङ्कन गरी सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.२ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५६४३९१।६३ यस वर्षको प्राप्ति रु.११,६०,८३,८०७।७२ यस वर्षको भुक्तानी रु.१२,०३,७६,८४५ र बैङ्क मौज्दात रु.४८,५७,४२८।९१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	२३,९६९,९३६.१४	४१९,८४०,१६०.१५	४३४२५९२६३.६५	९५५०८३४.६४
एकीकृत आर्थिक विवरण अनुसार	२६,४८८,५७५.१४	६०५,८७०,५२०.७७	६१५२९७८५१।४	१७,०६१,२४४।४८
फरक	(२,५१८,६३९.००)	(१८६,०३०,३६०.६२)	(१८१,०३८,५८७.७८)	(७,५१०,४०९.८४)

सैद्धान्तिक बेरुजु

१४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,७८,५५,३०७.८२ मौज्दात रहेकोमा यो वर्ष म.ले.प.फा.नं.२७२ अनुसार रु.२,३९,६९,९३६.१४ जिम्मेवारी सारेको छ भने लेखापरीक्षणको क्रममा तयार गर्न लगाइएको एकीकृत आयव्यव विवरणमा रु.२,६४,८८,५७५।१४ अल्या गरेको छ । यसरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी जिम्मेवारी सुत्रमा र एकीकृत आ वि मा अल्या सुत्र अनुसार जिम्मेवारी अल्या गरेको सम्बन्धमा सम्बन्धमा पालिकाले वित्तीय विवरणमा कारण खुलाएको छैन यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.४ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ-

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०	०
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
ग १.३, आन्तरिक अनुदान खाता	०	०
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	०
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
ग २.७, विविध खर्च खाता	११,१८०	०
ग ३.१, स्धानीय तह धरौटी खाता	०	७२,००,७०४
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	९५,३९,६५४.६४	९८,६०,५४०.४८
	९५,५०,८३४.६४	१,७०,६१,२४४.४८

पालिकाले मलेफानं २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान तयार गरी यथार्थ मौज्दात निक्यौंल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.५ **दायित्व भुक्तानी -** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.७,२९,०९५ देखाएकोमा लेखापरीक्षणको क्रममा रु.७,१६,६०१ बैकं दाखिला भएको छ भने बाँकी रु.१२,४९४ दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,४९४

१५ **पदाधिकारी तथा कर्मचारी व्यवस्थापन -**

१५.१ **पदाधिकारी सुविधा -** मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षको राजश्व बाँडफाड संघीय सरकारको स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा रु.६३ लाख १६ हजार ९३८

खर्च गरेको छ ।जुन यस वर्षको खुद आन्तरिक आम्दानी रु.४६,६५,७११।९४ को १३५.३९ प्रतिशत हुन्छ । त्यस्तै पदाधिकारी सुविधा अन्तर्गत बैठक भत्ता भुक्तानी गर्दा बैठकको माईन्युट प्रतिलिपि संलग्न नगरी बैठक भत्ता रकम भुक्तानी गरेको छ । उक्त कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सीमाभित्र राख्नुपर्दछ ।

खर्च शीर्षक	स्रोत	अन्तिम बजेट	खर्च
पारिश्रमिक पदाधिकारी	राजस्व बाँडफाँड	६००००००	५६३१६६०
पदाधिकारी बैठक भत्ता	राजस्व बाँडफाँड	१००००००	५९७०००
इन्धन (पदाधिकारी)	राजस्व बाँडफाँड	५०००००	८८२७८

सैद्धान्तिक बेरुजु

१५.२ **कर्मचारी व्यवस्था -** पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्यप्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपलब्ध हुन सकेन । रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन,२०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, शिक्षातर्फका शिक्षकहरु र पालिकाका तर्फका कर्मचारीको समेत रु.१२,६२,०५,५६८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.४ **करार सेवा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई, टेलिफोन ,विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिंदा त्यस्तो सेवाको आवश्यकता किसिम

समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यानवयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरबन्दी कायम समेत नगरी पालिकाले यो वर्ष अन्य सेवा शुल्कमा रु.२.करोड ७९ लाख ७६ हजार ३१३ खर्च गरेको छ । लेखापरीक्षणको क्रममा करार नियुकती सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्ति गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढी रहने तर आउटपुट स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थीत बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.५ **डोर हाजिरी** - पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोझनामा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

सैद्धान्तिक बेरुजु

---

१६ **वडा सञ्चालन खर्च** - पालिकामा प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई खर्च गर्न अख्तियारी नदिएको अवस्थामा वडा कार्यालयमा हुने खर्चको भुक्तानी पालिकाबाट मात्र हुनुपर्ने नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएपछि पदाधिकारीले खर्च गर्न नपाउनेमा यस वर्ष वडा नं १ देखि वडा नं ५ सम्म प्रशासनिक खर्चमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चको बिल भरपाई पेश गरेको आधारमा वडा सचिव र वडा अध्यक्ष आँफैको सिफारिसमा वडा खर्चको भुक्तानी गरेको पाइयो । पालिकाले वडा सञ्चालन खर्च शीर्षकबाट ५ वडा कार्यालयहरुलाई मासिक रु.२० हजारका दरले रु.१२ लाख खर्च गरेकोमा नमूना छनौट गरी परीक्षण गर्दा लगबुक वेगर पेट्रोलको एउटै बिल, प्रयोजन नखुलाई खाजा खानाको बिल, मर्मत, पत्रपत्रिका, सुति साडी बितरण, रिचार्ज बिल, संलग्न गरेको बिल बेगर एकमुष्ट खर्च शीर्षकको रकम माग गरेको आधारमा पेश गरेको बिल भन्दा घटी रकम भुक्तानी गरेको देखिन्छ । यस्तो खर्च पालिकाबाट समेत भएको हुँदा दोहोरो नपर्ने गरी अभिलेख राखेको देखिएन । त्यस्तै वडा सञ्चालन खर्च शीर्षकबाट मसलन्द तथा कार्यालय सामान, विविध, सवारी साधन मर्मत, ज्यालादारी, संचार, इन्धन लगायतका खर्चहरु गरेको देखिन्छ । वडा सञ्चालन खर्च बापत विनियोजन हुने रकमलाई आर्थिक संकेत वर्गिकरण तथा व्याख्या बमोजिम रकम विनियोजन गरी सोही बमोजिम खर्चको लेखाङ्कन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१७ **अधुरो योजना** -

अधुरो योजना -पालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकांश योजनाहरू अपुरो हुने गरी न्युन रकमको बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यकता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता नहुने, पूर्ण कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने, गुणस्तरीयता समेत कमजोर हुन सक्ने समस्या देखिन सक्ने हुन्छ । तसर्थ पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न हुने गरी कार्य गर्नुपर्ने देखिएको छ। नमूना छनौट गरी परिक्षण गर्दा निम्न योजनाहरुमा पर्याप्त बजेट नछुट्याई न्युन वजेट विनियोजन गरेकोले केही कार्य मात्र भई अपुरो रहन गएको छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन वजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्दतीवाट बजेट विनियोजन र कार्यान्वयन हुनुपर्ने देखिन्छ ।केही उदाहरणहरु

क्र सं	योजनाको नाम	विनियोजित बजेट	खर्च रु	खर्च %
१	बाघमोर्चा बजारको अधुरो चर्पी निर्माण	१०००००	९८३२२	९८
२	साविक ४ गुम्बा नजिक अधुरो गोलघर निर्माण	१५००००	१४०५१७	९४
३	अधुरो मञ्चमा छाना र पछाडि वाल निर्माण टाउन	२०००००	१९०१४५	९५
४	वडा कार्यालय छेउको अधुरो मन्च निर्माण	२०००००	१९१०७१	९६
५	ने रा प्रा वि हनुमाननगरमा अधुरो कम्पाउण्डवाल निर्माण	२०००००	१९३८०९	९७
६	अधुरो देवीथान मन्दिर मर्मत तथा रंगरोगन	२५००००	२०२३७२	८१
७	अधुरो खोल्सा लाइनिङ रामनगर	३०००००	२९०४०१	९७
८	सुक्रतारा समुहको अधुरो चर्च निर्माण	४०००००	३८७१८८	९७
९	मालीबस्तिको अधुरो बाटो स्ल्याव ढलान	५०००००	४८३३२९	९७
१०	अति विपन्न वर्गको लागि घर निर्माण कम्तिमा २ जनालाई	५०००००	४८३३५१	९७
११	स्याउली वस्तिको अधुरो महिला सामुदायिक भवन निर्मा	५०००००	४८४०२५	९७
१२	दलित विकास केन्द्रको लागि अधुरो भवन निर्माण	५०००००	४९६६४८	९९
१३	विजयवस्ती खानेपानी संस्थाको अधुरो अतिथि भवन निर्माण	६०००००	५७९१५४	९७
१४	रोजिनगरमा अधुरो कृष्ण मन्दिर निर्माण	२०००००	-	-
१५	झोलुङंगे पुल नजिक अधुरो कल्भर्टमा माटो भर्ने	-	-	-

सैद्धान्तिक बेरुजु

१८ **परामर्श सेवा खरिद -**

सार्वजनिक खरिद नियमावली,२०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा विभिन्न कामको लागि विभिन्न परामर्शदाता छनौट गरी यो वर्ष देहाय बमोजिमको भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नासार छ ।

गो भौ नं/मिति	कामको विवरण	भुक्तानी पाउने	लागत अनुमान	भुक्तानी रु
११।२०७९।६।१२	ठुटे खोला ढेडु खोला र झिङ्गे खोलाको DPR	ग्लोवल इन्टरनेशनल इन्जिनियरिङ्ग कन्सल्ट १०४३९५२५७	९९६९३९।३९	९८३१००
२९।२०७९।७।२२	ओरिया खोला शिकरीवास खोला तथा ओडार खोला तटबन्धनको डि पि आर	पिसफुल ग्रीन अर्थ कन्सल्टेन्सी एण्ड सर्भिसेज प्रा.लि ६०९७६४५८५	९९९७४५।७५	९८०८४०
८०।२०७९।१०।६	विजय वस्ती हेल्थपोष्ट र उद्यम विकास भवनको DPR	साँगा ईन्जिनियरिङ कन्सल्टयान्सी ६०७२५३९६४	८६४८९०।१४	७८५३५०

• परामशर्श सेवाको लागि धेरैजसोमा लागत अनुमान नै तयार नगरी खरिद प्रकृया अगाडि बढाएको छ। तयार गरेको लागत अनुमानमा पनि कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी एकीन गर्न सकिएन ।

• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा प्राय सबै प्रकारका आयोजनाको अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो ।

• परामर्शदाताबाट पेश भएको प्रतिवेदनहरु कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्नेमा दाखिला नभएकोले सो दाखिला हुनुपर्दछ ।

अध्ययन भएका अधिकांश योजनाहरुको कार्यान्वयन भएको देखिएन । यसले गर्दा कार्यान्वयन हुन सक्ने आयोजनाको मात्र डिपीआर तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **धरौटी -**

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधी भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ।साथै उक्त नियमको उपनियम ३(२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधी अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने ब्यवस्था छ । यस पालिकाको आ.व.२०७८/७९ को अ.ल्या रु.३,८०,२४४ र यस आ.व.मा २१,५३,२७२ गरी जम्मा

रु.२५,३३,५१६ रहेको छ।आ.व २०७९/८० मा धरौटी फिर्ता रु.२१,५३,२७२ भएको र सदरस्याहा नभएको र अन्य रकम बाँकी रहेको देखिन्छ। पालिकाले फिर्ता गर्नुपर्ने म्याद सकिएको र धरौटी जफत गर्नुपर्ने रकम यकिन गरी प्रचिलित कानून बमोजिम प्रकृया पुऱ्याई सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२० **चालु आ.व.को पेस्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमको लागि SUBARNAPUR SWASTHYA CHAUKI लाई रु.१ लाख पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई फस्यौंट गर्ने म्याद समाप्त भएको पेश्की बाँकी फस्यौंट गर्नुपर्ने रु.

पेश्की	१,००,०००

२१ **ननफाईलर -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेका मध्ये नमूना छनौट गरी आन्तरिक राजश्व विभागको वेभसाईटमा पान नं. खोजी गर्दा ती फर्महरु कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.

मिति	विरण	संस्थाको नाम	बिल रकम	कर	कैफियत
५९१- २०८०/०३/१४	अन्य विविध खर्च शिर्षकबाट ल्यापटप प्रिन्टर कार्पेट आदी खरिद गरेको	काब्य पब्लिकेशन एण्ड एजेन्सी प्रा लि ६०४२८१६०१	२७७३८१	३६०६०	Non-filer since २०७४/M/९
६४१- २०८०/०३/२२	कार्यालय समाग्री खरिद	नमन अल ट्रेड सप्लायर्स ६०७५६५६९२	८८१९००	११४६४७	Non-filer since २०८०/T/१
६५५- २०८०/०३/२४	मसलन्द तथा छपाइ	न्यू भवानी अफसेट ३०४७५४८४५	२०२०००	२६२६०	Non-filer since २०८०/T/१
जम्मा			**१३६१२८१**	**१७६९६७**	

प्रमाण पेश नगरेको	१,७६,९६७

२२ **गैर सरकारी संस्थाबाट कार्य -**

गैर सरकारी संस्थाबाट कार्य- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने, नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा लागत अनुमान तयार नगरी सोझै खरिदको प्रकृयाबाट गर्दा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको, लागत अनुमान तयार नगरी सोझै खरिद प्रकृयाबाट काम गराएकोले पालिकालाई थप व्ययभार पारेको रु.

भौ. नं./ मिति	भुक्तानी पाउने	कार्यक्रम	नर्म्स	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भूक्तानी
३८२।०७९।११।२२	सामाजिक विकास अभियान नेपाल	महिला सिप विकास सम्बन्धि तालिम मैन बत्ती र सरफ बनाउने १७ दिन ४२ जना	संयोजक ४००	६,८००	१७,०००	८,६७०
			सहयोगि २५०	४,२५०	१७,०००	१०,८३८
जम्मा						१९,५०८
५५२।२०८०।०२।२८	जागरुक अभियान तालिम तथा परामर्श केन्द्र ६०६६५६३८०	वडा न ५ मा खेलकुद प्रशिक्षण कार्यक्रम	संयोजक रु. ४०० प्रतिदिन	४००	३,०००	२,२१०
			प्रतिवेदन २०००	२,०००	३,०००	८५०
जम्मा						३,०६०

असुल गर्नुपर्ने	२२,५६८

२३ **अन्य निकायको खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु १०६००२ खर्च गरेको नियम अनुसार भएको देखिएन । यसरी छुट्टै अस्तित्व र स्वामित्व भएको निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

भौ.नं./मिति	**भुक्तानी पाउनेको नाम**		**कामको विवरण**	**रकम**
	व्यक्तिको नाम	**कार्यालयको नाम**		
६१९-२०८०/०३/२१	ॐ हरी इन्टरप्राइजेज ३०३४६३५७३	**जिल्ला प्रशासन कार्यालय**	जिल्ला प्रशासन कार्यालय पर्साको मसलन्द खरिदको विल भुक्तानी	१०६००२
जम्मा				१०६००२
				सैद्धान्तिक बेरुजु

२४ **उपभोक्ता समिति मार्फत कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १३१ वटा उपभोक्ता समिति मार्फत काम गराइ रु.६ करोड ५५ लाख ९३ हजार ७०१ भुक्तानी भएको देखिन्छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाँउपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन। सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकीन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकीन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक बिल भर्पाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ट. उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धीकर योग्य सामानमा मूल्य अभिवृद्धीकर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धीकर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी मुल्यको सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धीकर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धीकर भुक्तानी भएको छ ।

उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धीकर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा गाँउपालिकालेनै यकिन गर्नुपर्दछ । यस सम्बन्धी उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः

सामानको विवरण	उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर	सामान खरिदमा तिरेको मू.अ.कर	फरक
सिमेन्ट प्रति बोरा	९६.२	७६.७	१९.५
रड	१७.८६	१२.८७	४.९९

तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **नापी किताब प्रबिष्टी एवं अभिलेख -**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.१७१ मा ठेक्का नं.,आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ । क्रमागत तथा वहुवर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कति भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **स्थलगत निरीक्षण -**

पालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा केवल संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो। अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्विर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन। भौतिक पुर्बाधार तर्फका योजनाहरुको मात्र अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेशण गर्नुपर्दछ । ऐन कानूनले व्यबस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्मेबार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **लागत अनुमान तथा दर विश्लेषण -**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले सडक निर्माण कार्यको लागि सडक विभाग, भवन निर्माण कार्यको लागि भवन बिभाग, नाला निर्माण तथा तारजाली कार्यको लागि सिचाँई विभाग लगायतको नर्म्स प्रयोग गरेको छ । केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको देखियो । सडक भवन लगायतको संरचना निर्माणको लागि पालिकाले स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **श्रेस्ताहरुको अनुगमन तथा प्रमाणीत स्थिति -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार कार्यालय प्रमुखवाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउने व्यवस्था रहेको छ। कानूनमा भएको व्यवस्था अनुसार कार्यालय प्रमुखले कार्यालय संचालनको क्रममा सृजना भएका श्रेस्ताहरुको नियमित चेकजाँच गरी लेखा श्रेस्ता समेत चुस्त दुरुस्त राख्नुपर्नेमा निर्माण कार्य संचालनको श्रेस्ता प्रभावकारी रुपमा राख्नुपर्ने तथा निर्माण तथा योजनाहरुको आधारभुत कागजातको रुपमा रहेको नापी किताव,लागत अनुमान, रनिङ विल तथा कार्यसम्पन्न प्रतिबेदनहरु कार्यालय प्रमुखवाट प्रमाणीत गराइ राख्नुपर्नेमा योजनाहरुको सम्पुर्ण कागजातहरु प्रमुखवाट सदर भएको देखिएन। यसरी सम्पुर्ण खर्च सृजना गर्ने कागजातहरु कार्यालय प्रमुवाट प्रमाणीत नगराइ गरेको भुक्तानी नियमसम्मत देखिंदैन । तसर्थ लेखाश्रेस्ता संग सम्बन्धित सम्पुर्ण कागजातहरु कार्यालय प्रमुखवाट समेत प्रमाणीत गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **कन्टेन्जेन्सी खर्चको अभिलेख -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कन्टेन्जेन्सी खर्च कट्टा गर्ने गरेको देखिए तापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा व्यवस्थित रुपमा अभिलेख राख्ने गरेको छैन ।लागत अनुमान तयार

गर्दा कन्टेन्जेन्सीको रकम कट्टा गरेको देखियो। नियमावली बमोजिम कन्टेन्जेन्सी खर्चको अभिलेख तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

	सैद्धान्तिक बेरुजु

३० **मेशनरी कामको म्यानुअल दररेट राखी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. २ टुटे खोला पुल देखी वसपार्कसम्म तटवन्धन कार्यक्रम वापत रु. ४७८१९४१ वडा न २ ठुटे खोला पुल देखि बसपार्क सम्म तटबन्धन उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ । जसमा कार्यसम्पन्न प्रतिवेदन बमोजिम Earth work excavation in soil using Backhoe loader बाट ९५४.३ घनमिटर काम गरेकोमा प्रतिघनमिटर ४०० का दरले भुक्तानी भएकोमा भौचर संलग्न फोटोमा सो काम स्काभेटरले गरेको दखिन्छ ।अत- मेशिन लगाएर म्यानुअल दररेटको रकम भुक्तानी गरेको देखिदा एक्साभेटरको जिल्ला दररेट बमोजिम प्रति घनमिटर ७५ का दरले हुने रकम भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी गर्दा थप व्ययभार परेको रु.

असुल गर्नुपर्ने	३,१०,२८८

३१ **सहकारीको भवन निर्माण -**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले महिला बचत तथा ऋण सहकारी कार्यालय भवन तथा ट्रष्ट निर्माण वापत उपभोक्ता समितिलाई रु.४,८२,२८१ भुक्तानी गरेको छ । वडा नं. ५ मा निर्माण भएको सो भवन पालिकाको प्रयोजनको लागि नभई नाफामुखी संस्थाको भवन निर्माण गरेको देखिदा पालिकाले आफ्नो क्षेत्रभित्र नपर्ने व्यावसायिक प्रकृतीको भवनमा समेत खर्च गरेको देखिदा सो रकम नियमित गर्नुपर्ने देखिएको रु.

अनियमित भएको	४,८२,२८१

३२ **ग्याविन बक्समा बढी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.ब.०७९/८० का लागि निर्धारण गरेको दर राखी दरविश्लेषण गर्दा ग्याविन जालीमा ढुङ्गा भर्ने कामको प्रतिघनमिटर रु.८२.८६ बढी रकम भुक्तानी भएको देखिदा निम्न योजनामा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

गौ.भौ.	योजना	परिमाण Cum	दिएको दर	दिनुपर्ने दर	फरक	बढी भुक्तानी
४८	आठघरेको हाट बजारको सार्वजनिक शौचालयमा नजिक तटबन्धन तथा माटो फिलिङ	४०.००	३२४४.२६	३१६१.४०	८२.८६	३३१४.४०

५७	ओडार खोला सामुदायिक भवन छेउ पश्चिम तर्फ तटबन्धन	८४.००	२६९४.२६	२६११.४०	८२.८६	६९६०.२४
६५	खोल्सा खोल्सिकोलागि तरजाली खरिद तथा ढुवानी	६३.००	२६९४.२६	२६११.४०	८२.८६	५२२०.१८
७४	गुम्वालाइनको कल्भर्टको विङ्गवालमा तारजाली निर्माण	३२.००	३२४४.२६	३१६१.४०	८२.८६	२६५१.५२
८२	शान्तिटोल राजु थिङ्गको घरनिर तटबनधन	१८०.००	३२४४.२६	३१६१.४०	८२.८६	१४९१४.८०
९५	ओडार खोला पश्चिम किनारा पुलमुनी तटबन्धन	८४.००	२६९४.२६	२६११.४०	८२.८६	६९६०.२४
९६	साविक ६ को पुलचौकको कल्भर्टको वालमा तरजाली	९२.००	३२४४.२६	३१६१.४०	८२.८६	७६२३.१२
९७	ओडार खोला पश्चिम किनारा ओडार मा वि पूर्व तटबन्धन	८४.००	२६९४.२६	२६११.४०	८२.८६	६९६०.२४
१११	मातातिर्थ कुवा संरक्षण तथा सत्तल निर्माण	२४.००	२६९४.२६	२६११.००	८३.२६	१९९८.२४
११४	चौतारा देखि ठोरी भन्सार जोड्ने बाटोको तिनघरेमा कल्भर्ट निर्माण	८०.००	२६९४.२६	२६११.४०	८२.८६	६६२८.८०
१२२	ढेडुखोला फायरलाइन तटबन्धन	११२.००	२६९४.२६	२६११.४०	८२.८६	९२८०.३२
१२८	बाघमोर्चा कल्भर्टमा तटबन्धन	२२५.००	२६९४.२६	२६११.४०	८२.८६	१८६४३.५०
१६४	अम्बुवा खोला तटबन्धन	२१२.००	२६९४.२६	२६११.४०	८२.८६	१७५६६.३२
१७५	वडा न २ को पार्वती सुवेदीको घरनीर तटबन्धन तथा ग्रावेल	९०.००	२६९४.२६	२६११.४०	८२.८६	७४५७.४०
२००	बनशक्ति नजिक को खोल्सामा तारजाली	४२.००	२६९४.२६	२६११.४०	८२.८६	३४८०.१२
२०६	चिनलाल पाखिनको बमारी छेउमा तटबन्धन	३६.००	३२४४.२६	३१६१.४०	८२.८६	२९८२.९६
२१५	तालखोला तटबन्धन	४४.००	२६९४.२६	२६११.४०	८२.८६	३६४५.८४
२१८	सुन्दरवस्ति पक्की बाधको कुलो मर्मत	६९.००	२६९४.२६	२६११.४०	८२.८६	५७१७.३४
कुल						१३२००५.५८

असुल गर्नुपर्ने	१,३२,००५

३३ **घटी अनुपातिक कट्टी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा सोहि बमोजिम अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

गौ.भौ.न.	योजनाको नाम	भुक्तानी रु.	लागत अनुमान रु.	कट्टी गरेको	कट्टी गर्नुपर्ने	फरक रु.
२३-२०७९।०७।०५	वडा न ३ मा बाटो ग्रावेल	५८३८००.०	५८७१००.०	८३८००.०	८६५९८.०	२७९८.०
४७-२०७९।०९।०६	विजयवस्ती खानेपानी संस्थाको अधुरो अतिथि भवन निर्माण	५९७१५४.०	६४९९४०.०	६५०७७.०	६७६४१.०	२५६४.०
५५-२०७९।०९।१२	कृष्ण हमालको घर छेउमा कल्भर्ट निर्माण	६७७८५३.०	६७९०००.०	७४५५२.०	७५५६२.०	१०१०.०
६५-२०७९ऽ०९ऽ२८	खोल्सा खोल्सिकोलागि तरजाली खरिद तथा ढुवानी	२६३८४४.०	२९१०००.०	५६०२.०	३००१०.०	२४४०८.०
६६-२०७९।०९।२८	सितारामको जमिन देखि कृष्ण मन्दिर सम्म जाने कुलो पि सि सि र वाध निर्माण	१५७५८९.०	१६२३४२.०	१२०८९.०	१६३४९.०	४२६०.०
९२-२०७९।१०।२३	ब्रह्मनगर माथिल्लो टोल झोलुङ्गे पुल नजिक सिचाई नहर	२१३८५१.०	२१५९३०.०	१९८५१.०	२१७२०.०	१८६९.०
१३६-२०७९।११।२१	बुद्ध टोलको जङ्गल देखि दक्षिण तर्फ बाटो ढलान	५३८६९१.०	५३९६९६.०	५३६९१.०	५४५९४.०	९०३.०
१३८-२०७९।११।२१	ढेडु खोला तटबन्धन	१०७६२०३.०	१०७८२७८.०	१०६२०३.०	१०८०७०.०	१८६७.०

१६२-२०७९।१२।०३	आठघरे माने चौक देखि उत्तर तर्फ सडक ढलान	५३५६६५.०	५३९०३४.०	५०६६५.०	५५६९८.०	५०३३.०
१७१-२०७९।१२।१०	वडा न ४ गोरखपुरमा वटो ढलान	१०६७१३६.०	१०८१५८४.०	१०६७१३.०	११००९३.०	३३८०.०
कुल						४८०९२

असुल गर्नुपर्ने	४८,०९२

३४ **नर्म्स अनुसारको बिल भरपाई पेश नगरेकोले असुल गर्नुपर्ने -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको निर्माण कार्यको भुक्तानी दिँदा गुणस्तर परीक्षण नगरेको तथा नापी किताव र नर्म्स अनुसार लाग्ने सामग्री भन्दा घटी विल संलग्न गरेपनि उपभोक्ता समितिलाई नम्स वमोजिमकै रकम भुक्तानी गरेको देखियो ।वास्तविक लाग्ने भन्दा कम सामाग्री (रड, सिमेन्ट लगायतका सामाग्री) प्रयोग गरेको देखिएकोले गुणस्तरियता कायम समेत नहुने देखिन्छ । तसर्थ नर्म्स अनुसार खरिद गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु.

गौ.भौ.न.	योजनाको नाम	रकम	कैफियत
४४	दलितविकास केन्द्रको लागि अधुरो भवन निर्माण	४६९८४	इटाकोकाम बमोजिम नर्म्सले १३३५६ लाग्नेमा १०००० इटाको मात्र विल पेश गरेको देखिन्छ ।प्रयोग भएको विल संख्या भन्दा बढी भुक्तानी भएको ३३५६ इटाको पर्सा जिल्लाकोजिल्ला दररेट १४ बमोजिम हुनु आउने रकम असुल
५३	नन्देकोघरदेखि अन्जुको आमाको घरसम्म स्ल्याव ढलान	५७९९	माटोखन्ने तथा आरसिसिको लम्बाई ९० मिटर गरीडण्डीको लम्वाई ९९ मिटर दिएकोले ४५.३ के.जी.बढी डण्डीको प्रयोग भएको देखिदाप्रति के.जी. १२८ का दरले हुने रकम असुल गर्नुपर्ने
६३	गौतमनगरनगर पश्चिम कुलो पि सि सि	१८९०७	नापीकिताब बमोजिम ९५.५५ बोरा सिमेन्टको रकम भुक्तानी भएकोमा बिलमा ७० बोरामात्रसिमेन्टको रकम भुक्तानी भएको देखिदा २५.५५ बोराको ७४० का दरले असुल गर्नुपर्ने
१०५	अमुवा सिचाइअन्तरगत रोजिनगर शाखा कुलो निर्माण	८३९२	नापीकिताव बमोजिम १३६५.५६ के.जी रडको रकम भुक्तानी भएकोमा विलमा १३०० के.जी. मात्रविल रकम भुक्तानी भएको देखिदा प्रयोग भएको भन्दा बढीभुक्तानी भएको ६५.५६के.जी.को १२८ का दरले हुने रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने

११६	मकरडाडामा स्यालो ट्युवेल ३ थान	२२४२८	यातायात खर्चवापत ३ थान स्यालो ट्युवेलको ४५००० भुक्तानी गरेकोमा जिल्ला दररेटमा एक दिनइन्धनबाहेक ट्रकको रु. ९९०० र सोहि दरको ईन्धन भुक्तानी लोडअनलोडको ४ जना अदक्षकामदारको २७७२ समेत कुल २२५७२ खर्च हुनेमा बढी रकम भुक्तानी भएको देखिला बढी रकमअसुल
१२१	गुह्यो खोलापश्चिम किनारा देखि तेज बहादुर श्रेष्ठको जग्गा देखि हात्ती मचान टावर सम्ममेसजाली	४६४१	मेसवायरको जिल्लादररेट भन्दा १५ रुपैया रनिङ्ग मिटरमा बढी भुक्तानी दिएको देखिदा३०९.४५३ र.मि.मा बढी हुने रकम असुल
१६३	गापा भरीका ग्रमीण सडकहरुको स्तरोन्नती	३५९९२६	ईन्धनकोबिल भरपाई ३४५१४० को राखी रु.६०५०६६ भुक्तानी दिएको देखिदा बढी भुक्तानी भएकोरकमको आवश्यक प्रमाण पेश अन्याथ असुल
१७१	वडान ४ गोरखपुरमा वटो ढलान	१९१५०	रडको Longer Bar ८ mm Dia १२५c/c मा १७ वटा रडको प्रयोग गरेको भनी भुक्तानी भएकोमा भौचर साथसंलग्न फोटोमा १४ वटामात्र रडको प्रयोग भएको देखिदा बढी भुक्तानीभएको(३*१२६.२५*०.३९५) ले हुने ३३७ के.जी को १२८ का दरले हुने रकम असुलगर्नुपर्ने
१७८	ठोरी१ वरपिपल टोलमा खानेपानी टंकी निर्माण	३१८८०	निर्माणउ.स.मार्फत गरी भुक्तानीमा विद्युतको मिटर तार फिटिङ्ग समेतका लागि ५५०००भुक्तानी भएकोमा भौचर संलग्न विल भरपाई २३१२० मात्र रहेकोका पालिकाले कार्यभइसेको विल सबै संलग्न नभएको भनी जनाएको देखिदा सो सम्वन्धमा विस्वसनिय आधारसहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा बाँकी अपुग रकम सम्वन्धित उ.स.बाट असुलगर्नुपर्ने
कुल		५१८१०७	

असुल गर्नुपर्ने	५,१८,१०७

३५ बिल भरपाई तथा खर्चको पुष्टयाईं -

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिका पुँजीगत शीर्षकबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्टयाईं संलग्न नगरी खर्च लेखेकोले प्रमाणकागजात पेश हुनुपर्ने भनी औल्याएकोमा छलफलको क्रममा पेश भएकोले फस्र्यौट गरिएको छ । खर्च लेख्नु अगाडि नै आवश्यक प्रमाण कागजात यकिन गरेर मात्र भुक्तानी दिने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

भौ.न.	विवरण	रकम	कैफियत

३४	गापा भरी खानेपानी व्यवस्थापनको लागि पाइप खरिद	९९९०७३	पालिकाले २० देखी ५० MM को पाईप खरिद वापत९९९०७३ भुक्तानी भएको देखिन्छ । कुल ११८०० मिटर लम्वाई पाईप खरिद भई वितरण भएको छ । आवश्यकता पहिचान गरी वितरणको मापदण्ण तयार गरेरमात्र वितरण गर्नुपर्दछ ।
५१	गापा भरी समरसेवल मोटर खरिद	९९०४००	६३थान मटर खरिद भएकोमा कस कसलाई वितरण गरिएको हो गत आ.ब.मा पाए नपाएको यकिन गरी वितरण गर्नुपर्ने र लगतलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।
१७०	विजयवस्ती मा.वि.को स्तरन्नती कार्यको	५०००००	लागत अनुमान समयमानै तयार गरी कार्यसम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।
कुल जम्मा		२४८९४७३	

सैद्धान्तिक बेरुजु

३६ **परिमाण फरक पारी भुक्तानी -**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्टयाई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। रामनगर वस्नेत टोलसँग स्लाव ढलान वापत उपभोक्ता समितिलाई रु.३८६३०३ भुक्तानी भएको छ । नापी किताब बमोजिम ३२ मिटरसम्म आरसिसिको काम भएको देखिन्छ तर रडको काम जम्मा २५ मिटरसम्म मात्र भएको देखिदा स्लावको काम रड बाहेक भयो भनी भन्न सक्ने अवस्था नदेखिदा ३२ मिटरसम्म काम भए नभएको पालिकाले यकिन गरी आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४३,९१०

३७ **नर्म्स भन्दा बढी दररेट -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न योजनाको लागत अनुमान तयार गर्दा सडकमा सडक विभागको स्वीकृत नर्म्स र भवनमा भवन विभागको स्विकृत नर्म्स बमोजिम गर्नुपर्नेमा Department of Local Infrastructure Development and Agricultural Roads (DoLIDAR) को नर्म्स प्रयोग गरेको देखिन्छ । जसबाट निम्न योजनामा देहायका निर्माण व्यवसायी र उपभोक्ता समितिलाई स्विकृत नर्म्सभन्दा बढी भुक्तानी हुँदा थप व्ययभार भएको रु. .....**(विस्तृत विवरण अनुसूचिमा रहेको छ)**

अनियमित भएको	५,६३,९७५

३८ **लमसम भुक्तानी -**

TRM/NCB/CBMPB/W/११/०७९/८० को Construction of Multipurpose building कार्यका लागि निर्माण व्यवसायी विक्रम निर्माण सेवा (६१६५९४८८१) लाई सम्झौता बमोजिम कुल भुक्तानी रु.६७,२५,७३४ भएकोमा Electrification work कार्यको छुट्टै नापी किताव नबनाई एकमुष्ट lumpsump मा रु.१,७४,००० भुक्तानी दिएको छ । उक्त विद्युतीय कार्य भनी दिएको रकमबाट कुन स्थानमा केके काम कति परिमाणमा कतिका दरले भयो भन्ने नापी किताव ठेक्का बिलबाट खुल्दैन भने सो विद्युतीय कार्यको छुट्टै बिल समेत छैन। यसरी एकमुष्ट रुपमा विद्युतीय कार्य बापत भुक्तानी भएकोमा कार्यालयको भनाई अनुसार सम्बन्धित साईट इन्जिनियरको निर्देशन बमोजिम कार्य गराएको जनाएको छ । यसरी विद्युतीय कार्यहरुको भुक्तानी दिँदा अनिवार्य रुपमा कामको स्पष्ट विवरण खुलाई नापी किताव र प्राविधिक बिलमा सम्पूर्ण विवरण चढाएर मात्र भुक्तानी दिनु पर्दछ ।

गो भौ नं।मिति	ठेक्का नं	कामको विवरण	भुक्तानी रु
	TRM/NCB/CBMPB/W/११/०७९/८०	Construction of Multipurpose building	१७४०००
४१।२०८०।२।१०	TRM/NCB/NBHP/W/०२/२०७९/८०	Construction of Nirmal Basti Health post	८७०००

सैद्धान्तिक बेरुजु

३९ **थप व्ययभार -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सम्बन्धित निर्माण कार्यको लागि नेपाल सरकारको विशिष्टकृत निकायले तयार गरेको नर्म्सको प्रयोग गर्नुपर्दछ । जसअनुसा भवन निर्माण प्रकृतिका कार्य गर्न भवन विभागको नर्म्स र सडक निर्माण प्रकृतिको कार्य गर्न सडक विभागको नर्म्स प्रयोग गर्नुपर्नेमा सबै कार्यको लागि डोलिडारको नर्म्स प्रयोग गरी उपभोक्ता समिति र निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । जसले गर्दा देहाय बमोजिम बढी भुक्तानी भई थप व्ययभार परेको रु.

अनियमित भएको	६,९६,८९९.११

(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४० **वायो ग्यास -**

पालिकाले वडा नं १ र ३ मा विमिन्न ८ जनालाई वायो ग्यास प्लान्ट वितरण गर्नका लागि लागत अनुमान निर्धारण गर्दा अप्रत्यक्ष लागत रु.८४,४७३ मा अप्रत्यक्ष लागत रु.१६,८९४ जोडी पुन लेवर खर्च रु.२६,५०५ घटाएर हुन आउने रकम रु.७४,८६२।६० मा मुअकर सहित रु.१,११,०९९।७४ प्रति इकाई लागत अनुमान कायम गरेको छ ।उक्त रकममा उपभोक्ताको योगदान बापतको १० प्रतिशत अंश

घटाई रु.९९,९८९।७६ का दरले ८ सेटको रु.७,९९,९१८।११ निर्धारण गरेको छ । कोटेशन माग गर्दा उपभोक्ता समितिको योगदान वाहेकको रकमको कोटेशन माग गरेकोमा PARSA Alternative energy & construction pvt.ltd (६१००७०६३९) लाई प्रत्यक्ष लागत रु ८०७३५ मा अप्रत्यक्ष लागत रु.१६,१४७ जोडी ज्याला रकम रु २५४२५ नघटाई ८ सेटको जम्मा रु.७८,८२३।९५ भुक्तानी गरेको छ । अत लागत अनुमान बमोजिम ज्याला बापत बढी भ्याट भुक्तानी भएको (२५४२५*८*१३%) पर्सा अल्टरनेटिभ इनर्जि एण्ड कन्स्ट्रक्स्न प्रा.लि.बाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२६,४४२

४१ **नमूना विद्यालयको भवन निर्माण -**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा केन्द्रबाट छनौट भएका नमूना विद्यालयको क्रमागत भवन निर्माण अनुदान दिने व्यवस्था छ । साथै प्रत्येक स्थानीय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्था अनुसार भूकम्प प्रतिरोधी, अपाङ्गता मैत्री, बाल मैत्री, छात्रा मैत्री एवम् वातावरण मैत्री गर्नु/गराउनु पर्नेछ । विद्यालय भौतिक सुधारसम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानि कार्य सम्पादन गर्ने । Social/Environmental Framework ले तोकेका वातावरणीय र सामाजिक पक्षहरूलाई ध्यान दिई कार्यान्वयन गर्ने प्रावधान छ । यस पालिकाले केन्द्रबाट छनौट भएका नमुना विद्यालयको क्रमागत भवन निर्माण अनुदान बापत श्री सरस्वती माध्यमिक विद्यालय गोदतमनगर ठोरी ८ पर्सालाई रु.५०,००,००० बजेट खर्च लेखी निकासा दिएको देखिन्छ तर खर्च पुष्ट्याई हुने आवश्कय बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । अत- निर्देशिकाले तोके बमोजिमका आवश्यक कागजात र सम्झौता बमोजिम विद्यालय भवन निर्माणको लागत अनुमान, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	५०,००,०००

४२ **सुरक्षीत नागरिक आवास -**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्र खरिदको लागी गरिवीको रेखामुखी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने कार्यक्रम अन्तर्गत यो वर्ष यस पालिकाका क्षेत्र भित्र पर्ने ८८ जनालाई दोश्रो किस्ता रु.२०,००० का दरलेल रु.१७ लाख ६० हजार भुक्तानी भएको छ । कार्यविधिले तोके बमोजिम अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाई सुरक्षित, दिगो र भरपर्दो बनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **पालिकाको योगदान -**

तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका,२०७९ को दफा ५ को उपदफा १ बमोजिम आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम ७० प्रतिशत र स्थानीय तहको न्युनतम ३० प्रतिशत लागत सहभागिता रहने उल्लेख छ। हुलाकी सडकको पूर्व जाने बाटो ढलान कार्य बापत रु.४७८३९७९।७९ मुल्याङ्कन गरेकोमा उपभोक्ताको योगदान बापतको रकम कटौती गरी बाँकी हुन आउने रु ४३०५५८१।८१ मध्ये सो को ३० प्रतिशत अर्थात रु१२९१६७४।५४ पालिकाको तर्फबाट योगदान अर्थात खर्च गर्नुपर्नेमा यस पालिकाले मधेश प्रदेशको समपुरक कोषबाट रु ४ लाख मात्र योगदान खर्च लेखेकोले पालिकाले गर्नु पर्ने बाँकी योगदान बापतको घटी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने भनी औल्याइएकोमा छलफलकको क्रममा समानीकरण बापतको अन्तिम किस्ताको रकम नआएको र ऐ योजनाको बाँकी कार्य पालिकाको स्रोतबाट खर्च गर्ने जनाएको छ । प्रत्येक भुक्तानीमा कार्यविधिले तोके बमोजिमको अनुपातमा खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

भौ नं /मिति	रकम रु
७।२०७९।९।६	३४०८०७३
९।२०७९।९।१९	४९५६७७
४९।२०७९।९।७	४०००००
उ स को योगदान बाहेक कुल खर्च	४३०३७५०
पालिकाले गर्नुपर्ने योगदान	१२९११२५
पालिकाको तर्फबाट मधेश प्रदेशको योगदान	४०००००
घटी योगदान	८९११२५

	सैद्धान्तिक बेरुजु

४४ **बढी भुक्तानी -**

प्रदेश सरकारले तोके बमोजिमको आयोजनाहरु अन्तर्गत वडा नं ४ गोरखपुर टोलमा विर वहादुर श्रेष्ठको घरदेखि गुम्बालाइन जाने बाटो ढलान कार्य बापत सम्बन्धित उपभोक्ता समितिलाई रु २४१६५५५ भुक्तानी गरेको छ । जसमा स्रेस्तामा निर्माण कार्यको सम्लग्न फोटो अनुसार बाटोको चौडाई तर्फ १५ वटामात्र रड विच्छ्याएको देखिन्छ भने मुल्याङ्कन प्रतिवेदन अनुसार १७ वटा रडको भुक्तानी भएको छ ।अत फोटो अनुसार १५n*२८६m*०.३९५ भएको रडको १६९४.५५ kg रडको मात्र भुक्तानी गर्नुपर्नेमा १७n*२८६m*०.३९५ भएको रडको १९१२.४९ kg रडको भुक्तानी भएको छ जस अनुसार २१७।९४ kg रडको प्रति केजी १२८।१४ का दरले रु.२७,९२६।८३ बढी भुक्तानी भएकोले उ.स.को योगदान अंश घटाई बाँकी बढी भुकतानी सम्बन्धित उ.स. बाट असुल गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	२५,१३४

४५ **१५ वेड अस्पताल -**

ठेक्का नं TRM/NCB/BUILDING/०१/२०७७.७८ को Construction of Thori Hospital १५ Bed कार्यका लागि मिति २०८०।१।१४ मा रकम रु १७४२३६८८४।१५ मा सम्पन्न गर्ने गरी मिति २०७८।१।२१ मा ठेक्का सम्झौता गरेको छ । शुरु सम्झौता बमोजिमको मितिमा निर्माण कार्य सम्पन्न नभएपछी कार्यपालिकाको मिति २०८०।१।१० को निर्णय बमोजिम मिति २०८०।११।२० सम्म म्याद थपको निर्णय गरेको छ । जसमा निर्माण व्यवसायीले म्याद थषको लागि पेश गरेको अद्यावधिक कार्यक्रम बमोजिम मिति २०८०।७।३० सम्म सम्पन्न गर्नु पर्ने देखिन्छ । थप भएको मिति अनुसार हालसम्म कुल अवधि करिव ३४ महिना मध्ये करिव ३२ महिना अर्थात ९४।१२ प्रतिशत समय खर्च भईसकेको छ । तर लेखापरीक्षण मिति २०८०।९।१३ गते सम्म २०८०।८१ को ७ औ बिलसम्म रु १४९३८२७९६।१६ अर्थात ८५।७३ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । ताकेता गरी निर्धारित समयमा नै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन् ।

४५.१ **निर्माण कार्यको बिमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्यको अनिवार्य बिमा गराउनु पर्ने प्रावधान रहेको छ । त्यस्तै ठेक्का सम्झौताको शर्तको SCC बमोजिम सबै जोखिम वहन गर्ने गरी निर्माण कार्यको बिमा र सामहिक दुर्घटना बिमा गर्नुपर्ने तथा सो कार्यको लागि BOQ मा रु.८,१७,९०६। ८८ समेत PS item को रुपमा राखेको छ । तर सम्बन्धित ठेक्का फाइलमा उक्त विमा गरेको प्रमाण पेश भएको देखिएन । सम्झौता बमोजिम अनिवार्य रुपमा बिमा गर्न लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५.२ **कार्यसम्पादन जमानत** - सम्झौता बमोजिम निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८०।११।२० र मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधिको अर्थात कम्तिमा २०८१।१२।२० सम्मको कार्यसम्पादन जमानत आवश्यक पर्नेमा निर्माण व्यवसायीबाट पेश भएको रु ८७१२०००००को मिति २०८१।४।१ (२०२४।७।१६) सम्म मात्रको कार्यसम्पादन जमानत पेश गरेको छ । नियम बमोजिम म्याद थप नगर्दा कार्यालयले थप कुनै कारवाही गरेकव छैन । अत नियम बमोजिम म्याद थप गर्न लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५.३ **पेश्की फस्योंट** - पालिकाले सम्झौता बमोजिम रु.३,४८,४०,००० को मिति २०२४ Feb १ (२०८०।१०।११) सम्म मान्य अवधि भएको अग्रिम पेश्की जमानत पेश भएको छ। पालिकाले छैठौ बिलसम्म मिति २०८०।३।२० रकम रु.९,२९,१४,८२८ भुक्तानी दिँदासम्म पनि पेश्की फस्योंट नगरी भुक्तानी गरेको छ भने आ.व.२०८०।८१ को मिति २०८०।७।२१मा सातौ बिल भुक्तानी गर्दा मात्र रु.२४,८०,००० पेश्की फस्योंट गरी भुक्तानी गरेको छ। जवकी सम्झौता अंकको ३० प्रतिशत अर्थात रु.५,२२,७१,०६५।२० भुक्तानी भएपछी कट्टा गर्नुपर्नेमा सो गरेको पाईएन ।

	सैद्धान्तिक बेरुजु

४५.४ **अद्यावधिक कार्यक्रम** - सम्झौताको GCC ३४.१ बमोजिम ३० दिन भित्र अद्यावधिक कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था भएको र ३४.३ मा उक्त कार्यक्रम पेश नभए रु.५०,००० Withheld गर्ने व्यवस्था पालना भएको देखिएन ।

	सैद्धान्तिक बेरुजु

४६ **रोलर खरिद** -

पालिकाले ठेक्का नं TRM/NCB/RK/०८/२०७९/८० को Supply of Roller कार्यका लागि लागत नगरी यान्त्रिक व्यवस्थापन कार्यालय पर्साबाट प्राविधिक विवरणमात्र बनाउन लगाई बजेटलाई नै आधारमा मानी बोलपत्र आव्हान (Manual bid) गरी ४ वटा बोलपत्र पेश भएकोमा सबैभन्दा घटी प्रस्ताव गर्ने बोलपत्रदाता Fair Trade Pvt.ltd को प्रस्ताव रु ३८ लाखको बोलपत्र Turning radius mfg. year not meet भनी अस्वीकार गरी सो भन्दा दोश्रो घटी कबोल गर्ने बोलपत्रदाताको रु.३९,५०,००० को बोलपत्र स्वीकृत गरी खरिद तथा भुक्तानी गरेको छ। जसको कारण रु.१ लाख ५० हजार थप व्ययभार परेको छ । साथै उक्त बोलपत्रदातासँग मिति २०७९।१०।१५ मा भएको सम्झौता अनुसार सम्झौताको दफा नं २३.१ मा सम्झौता अंकको ११० प्रतिशत विमा गर्नुपर्ने उल्लेख छ। तर सो विमा गरेको देखिएन । खरिद गरीएका सामानको सुरक्षाको प्रत्याभुति हुने गरी खरिद गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

	सैद्धान्तिक बेरुजु

४७ **बढी भुक्तानी** -

ठेक्का नं TRM/NCB/CBTGJ/W/१२/०७९/८० को construction of Gabian wall अन्तर्गत वडा नं ४ मा ओरिया खोला तटबन्धन कार्यक्रम अन्तर्गत जैविक निर्माण सेवा १०१६०४११२ लाई रु.४६,८३,१५९ भुक्तानी गरेको छ । जसमा Packing and filling बापत (२-१-१ को ४२४ cum र २-१-०.५ को २१२ cum) गरी जम्मा ६३६ क्यु मिटरको रु.३,१६१।४० का दरले भुक्तानी गर्नुपर्नेमा ३७०० दरले भुक्तानी गरेकोले रु ६४।३९ का दरले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	४०,३०८

४८ **पालिका तर्फको औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि-शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय

शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी विभिन्न फर्मलाई रु.६९ लाख ३२ हजार भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **मु.अ.कर कट्टी नगरेको -**

मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम (६)ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी गरेका मध्ये लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा देहायका फर्महरुको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । अत- सम्वन्धित कर कार्यालयमाकर समायोजन गरी सोको प्रमाण कागज पेश गर्नुपर्ने देखिएको रु.

मिति	कामको विवरण	भुक्तानी लिनेको नाम	जम्मा रकम before vat	मु.अ.कर रकम	३० प्रतिशत मुअकर
२४९-२०७९/०९/१६	मसलन्द खरिद	ए टु जेड एण्डगुड सप्लायर्स (१२१३३२६९१)	६४२५००	८३५२५	२५०५७
३५६-२०७९/११/१६	सिकारी वासमा वाइफाइजडान	संसारीमाइट्रेड कन्सर्न (६१८७४३५६०)	४०२६२०	५२३४१	१५७०२
३८९-२०७९/११/२७	ब्याक हो लोडर मर्मत	गणपति मोटर्स एण्ड ट्रेडलिंक प्रा लि (६१०३०३७८४)	३७१०००	४८२३०	१४४६९
३९०-२०७९/११/२७	ल्यापटप तथा फर्निचर खरिद	के एस मल्टी पर्पोज प्रा.लि. (६०९७४९६७४)	४४२३६३	५७५०७	१७२५२
३९२-२०७९/११/२८	सवारीसाधन तथा मेशिनरी औजार मर्मत	आरके अटो सर्भिसिङ्ग सेन्टर (६०५१७२६९८)	३१६३००	४१११९	१२३३५

४०४-२०७९/१२/०३	एक्साभेटर मर्मत	लुम्बिनीविजनेश लिंक प्रा लि (३०११३३०४५)	१६९३७३	२२०१८	६६०५
४७४-२०८०/०१/०८	बोलपत्रको सुचना प्रकाशन	सगरमाथामिडिया हाउस ६१४६९८४२०	१३१२५०	१७०६३	५११८
६१७-२०८०/०३/२१	ल्याव समाग्री खरिद	तारागंगामेडिसिन सप्लायर्स ६१७१७५९२४	३४८४३०	४५२९६	१३५८८
६१४-२०८०/०३/२२	कार्यालयसमाग्री खरिद	नमनअल ट्रेड सप्लायर्स ६०७५६५६९२	८८१९००	११४६४७	३४३९४
६५५-२०८०/०३/२४	मसलन्द तथा छपाइ	न्यू भवानी अफसेट ३०४७५४८४५	२०२०००	२६२६०	७८७८
६६३-२०८०/०३/२४	पुस्तक खरिद	नेपालउर्जा ट्रेडर्स एण्ड सप्लायर्स ६०९४१५३८८	२७५५८१	३५८२६	१०७४७
कुल जम्मा			४१८३३१७	५४३८३१	१६३१४५
				प्रमाण पेश नगरेको	१,६३,१४५

५० **सोझै खरिद -**

सोझै खरिद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द खरिद कार्यका लागि बजेट टुक्रा-टुक्रा पारी रु.२३५२४९६।- खर्च गरेको छ । यस्ता खरिद कार्य लागत अनुमान तयार गरी एकमुष्ट रुपमा बोलपत्र माध्यमबाट खरिद गरी वितरण गर्नुपर्नेमा ऐन नियमावलीको व्यवस्था पालना नगरी निम्न सामाग्रीहरु टुक्रा-टुक्रा पारी वडाहरुले फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ । सार्वजनिक खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धि हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

गो.भौ.नं/मिति	कामको विवरण	भुक्तानी पाउने को नाम	रकम
७७-२०७९/०६/१२	कार्यालय समाग्री खरिद	रंजनस आइ टी ट्रेडर्स ६१३३५४६५९	२७१२७८
२४९-२०७९/०९/१६	मसलन्द खरिद	एटु जेड एण्ड गुड सप्लायर्स १२१३३२६९१	७१६३८७
६१५-२०८०/०३/२१	मसलन्द खरिद	काब्याट्रेडिङ्ग कन्सर्न ३०४७५४०७०	१६५६७०
६४१-२०८०/०३/२२	कार्यालय समाग्रीखरिद	नमनअल ट्रेड सप्लायर्स	९८३३१८
६५५-२०८०/०३/२४	मसलन्द तथा छपाइ	न्यू भवानी अफसेट ३०४७५४८४५	२१५८४३
कुल जम्मा			२३५२४९६

सैद्धान्तिक बेरुजु

५१ **मर्मत सम्भार खर्च -**

मर्मत सम्भार खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय बमोजिमका सवारी साधन मर्मत खर्च लेखेकोमा म्यानुअल मर्मत आदेश संलग्न गरे तापनि मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। PAMS मा मर्मत अभिलेख समेत राखेको छैन। मर्मत अभिलेख राखी PAMS entry गरेरमात्र खर्च लेख्नु पर्दछ ।

भौचर मिति	मर्मतको विवरण	भुक्तानी पाउने	रकम	कैफियत
५८-२०७९/०६/०९	सवारी मर्मत	लुम्बिनी विजनेश लिंक प्रा लि ३०११३३०४५	१५७५२९	मर्मत आदेश छ मर्मत अभिलेख खाता मा pams entry नगरेको
६०-२०७९/०६/०९	मोटरसाइकल मर्मत	सिद्धार्थ वर्कसप एण्ड मोटर पर्टस ६१३०९३०८०	२४१८०	मर्मत संभार तथा संरक्षण फाराम म्यानुअल गरेको
७४-२०७९/०६/११	सवारी मर्मत	आर के अटो सर्भिसिङ सेन्टर	९७५३९	मर्मत आदेश र मर्मत अभिलेख खाता छैन

१०४।०७९।०६।३०	सवारी मर्मत	आर के अटो सर्विसिङ सेन्टर ६०५१७२६९८	२८९२९१	मर्मत आदेश र मर्मत अभिलेख खाता छैन
१३९।०७९।०७।०४	लोडर ट्याक्टर मर्मत	वि एस ट्रेडर्स	१२०५८८	मर्मत संभार तथा संरक्षण फाराम म्यानुअल गरेको
		द हवि अटो ट्रेडिङ प्रा लि	२१२०१	
		सगुन श्रेष्ठ	३९४०	
१५७।०७९।०७।२१	लोडर ट्याक्टर मर्मत	लुम्बिनी विजनेश लिंक प्रा लि ३०११३३०४५	४४४०२	मर्मत संभार तथा संरक्षण फाराम म्यानुअल गरेको
जम्मा			७५८६७०	

सैद्धान्तिक बेरुजु

५२ प्रमाण कागज पेश -

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। २०७९।८० मा स्वीकृत कायक्रम बमोजिम अति विपन्न वर्गका लागि कम्तीमा २ जनालाई घर निर्माण ठोरी ४ उ.स.सँग सम्झौता गरी रु. ४८३३५१ भुक्तानी भएको छ । जसबाट जम्मा २ जनालाई घर निर्माण भएको देखिन्छ । ४ नं. वडामा अति विपन्न भनी २ जनालाई मात्र घर निर्माणको आधार स्पष्ट देखिदैन । कार्यसम्पन्न भएको देखिएपनि हस्तान्तरण गरेको देखिदैन अत- पालिकाले कस्ता व्यक्तिलाई सहयोग गर्ने र सो को मापदण्ड समेत तयार गरी खर्च गर्नेतर्फ ध्यान दिदै निर्माण भएको घर सम्वन्धित व्यक्तिलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,८३,३५१

५३ नयाँ सडक निर्माण तथा स्तरोन्नती -

पालिकाले विभिन्न वडामा नयाँ सडक निर्माण तथा स्तरोन्नती कार्यमा पालिकाको स्वामीत्वमा रहेका टिपर,लोडर,ट्राक्टर तथा जे.सि.वि.को प्रयोग गर्दा भएको इन्धन वापत गा.पा.को साधन प्रयोग गरी स्तरोन्नती शिर्षकबाट सोह्र पटकमा नेवा आयल ट्रेडर्सलाई रु. १ करोड ३ हजार ३ सय भुक्तानी गरेको देखिन्छ । पालिकाले आफुसँग रहेको स्रोतसाधनको प्रयोग गरी सडक निर्माण गर्दा भएको खर्च र सो बाट प्राप्त हुने उपलब्धीको समेत मुल्याङकन गर्दै पालिकाले योजना सञ्चालन गर्नुपर्दछ । पालिकाले गरेका केही नयाँ सडक तथा स्तरउन्नती योजनाका उदाहरणहरु देहाय बमोजिम छन ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५४ **लघु उद्यम विकास कार्यक्रम -**

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उद्यशीलता विकास तालिम नलिएका जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक भएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेको छ । पालिका नागरिकको उद्यमशिलता विकास गर्ने साथै स्वरोजगारी सिर्जना गरी पालिकाको समृद्धिको लागि नवप्रवर्तन कार्यक्रमहरुको विकास र विस्तार गर्दै जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५५ **दरवन्दी मिलान -**

शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकीन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ। अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकीन गर्न सकिएन । नियमावली बमोजिम पालिकाले यथासिघ्र दरबन्दी मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **शिक्षकको अभिलेख -**

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्यय इकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। ईकाइले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

५७ **बिद्यालयगत निकासा खाता -**

विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अत- बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकीकृत अभिलेख तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **विद्यालय शिक्षक हाजिरी -**

कार्य संचालन निर्देशिका,२०७७ मा बिद्यालयहरुले चौमासिक निकासा माग गर्दा माग फारम साथ विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर रिपोर्ट पठाउनुपर्ने व्यवस्था छ। विद्यालयहरुले हाजिरीको अभिलेख नपठाएकोले शिक्षकको उपस्थिति खुलेको छैन। पालिकाले विद्यालयहरुलाई माग फारमसँगै शिक्षकको हाजिर अभिलेख अद्यावधिक गरेर मात्र विद्यालयको निकासा पठाउनुपर्ने व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **दिवा खाजा -**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं.२.७.११.१ मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकीन गरी निकासा दिने उल्लेख छ । यस वर्ष पालिकाले २१ वटा विद्यालयलाई विभिन्न किस्तामा गरी जम्मा रु.५५,४२,१२५ निकासा दिएको छ । पालिकाले विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकीन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६० **अनुगमन -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकासन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/८० को क्रियाकलाप नं. २.७.१३.५० मा शिक्षण सिकाई सामाग्री तथा Lab assistant, equipment and practical material, OJT, operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी वार्षिक रु.१५ हजारका दरले भुक्तानी दिने व्यवस्था रहेको साथै अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची११ मा उल्लेखित विद्यालयलाई तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने. विद्यार्थी संख्या एकीन गर्ने समेत व्यवस्था रहेको छ

। यस विद्यालयमा श्री मुखदेव शुसिला प्राविधिक माध्यमिक रामनगरी पर्सालाई ७३ जना विद्यार्थी रु.१,०९,५०,००१ भुक्तानी दिएको छ । त्यसको विद्यार्थी संख्या एकीन गरी एंव विद्यालय संचालनको अवस्था अनुगमन गरी त्यसको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

	सैद्धान्तिक बेरुजु

६१ **छात्रावृत्ति अनुदान -**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं ७.२.१.१मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.६,०७,७०० गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिंदैन । अत-पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

६२ **सेवामा अनुबन्धका आधारमा प्रोत्साहन अनुदान -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. नमूना विद्याययमा कार्यसम्पादनका आधारमा प्र.अ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान रु.२ लाख बजेट उपलब्ध गराउने व्यवस्था भएको र विद्यालय व्यवस्थापन समितिले विनियोजित रकममध्ये पचास प्रतिशत प्रधानाध्यापक र पचाश प्रतिशत अन्य विषयगत शिक्षकहरुसँग अनुसूची १३ मा उल्लेख गरिएका विषयवस्तु समावेश गरी नजिजामा आधारित कार्यसम्पादन करार गरी प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस पालिकामा नमुना विद्यालयका लागि छनौट भएको श्री सरस्वति उच्च माध्यमिक विद्यालयमा उस अनुदान वापत प्र.अ अनुदानको पचास प्रतिशत अर्थात १ लाखसम्म पाउने व्यवस्था रहेकोमा यस विद्यायका प्र.अ श्री केशव प्रसाद रेग्मीले रु.१,६९,५२४ रकम बुझिलिएकोले तोकिएको भन्दा बढी रकम सम्वन्धितवाट असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	६९,५२४

६३ **नि-शुल्क पाठ्यपुस्तक -**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८।०७९ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका २९ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.१७,५४,०७७ निकासा गरेको पाइयो। उक्त ७५

प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरि पुनःथप २५ प्रतिशत रकम निकासा भएकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.२५,३८,२३६ खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६४ **अनुदान -**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० अनुसार गाउँपालिकाले यस निम्नानुसारका विद्यालयहरुका लागि विभिन्न क्रियाकलापहरुमा रकम निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९ अनुसार निकासा रकमको वास्तविक खर्च भए नभएको सुनिश्चित गर्न प्रगति प्रतिवेदन लिएर मात्र निकासा दिनु पर्दछ ।

शीर्षक	रकम	विद्यालय
पढ्दै कमाउदै	१००००००	श्री नेपाल राष्ट्रिय प्राविधिक विद्यालय
विज्ञान प्रयोगशाला	६५००००	श्री नेपाल राष्ट्रिय प्राविधिक विद्यालय
नमूना विद्यालय व्यवस्थापन अनुदान	३०,००,०००	श्री सरस्वती माध्यमिक विद्यालय
सेवामा अनुबन्धका आधारमा कार्य सम्पादन	२,००,०००	श्री सरस्वती माध्यमिक विद्यालय

सैद्धान्तिक बेरुजु

६५ **स्यानिटरी प्याड -**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२३१ जना रहेका छन । एन.आर.एल. सप्लायर्स (६१००८१९५०) बाट २२००० थान स्यानिटरी प्याड रु.९,९४,४०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **पकेट विकास कार्यक्रम -**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रम अन्तरगत संचालन भएका कार्यक्रमहरुको स्थानीय तहको सम्बन्धीत शाखाले निरन्तर अनुगमन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। आ.व २०७९।८० मा नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन अन्तर्गत जनशक्ति महिला वचत तथा ऋण सहकारी संस्थालाई कार्यालयको तर्फबाट रु ५७१४५० र सम्वन्धित संस्थाको साझेदारीमा ५६९४५० गरी रु.११,४०,९०० र आ.व २०७८।७९ मा स्थापना भएको तरबारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता को लागि श्री लक्ष्मि कृषि सहकी संस्था लि. लाई पालिकाको तर्फबाट रु. ५९०५०० र सम्वब्धित संस्थाको साझेदारी रु. १४५०५०० गरी जम्मा रु. २०४१००० रकममा पकेट विकास कार्यक्रम संचालन भएको छ । अनुदानको उपलब्धिलाई अधिकतम बनाउन पालिकाले उक्त रकम खर्चको सदुपयोग के कस्तो भयो लाभग्राहीको जीवनस्तरमा के कस्तो सुधार भएको छ र उत्पादन कुन मात्रमा वृद्धि भएको छ त्यसको निरन्तर अनुगमन गरी अनुदानको सहि सदुपयोगको पालिकाले सुनिस्चितता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान -**

यस गाँउपालिकाले संघीय ससर्त बाट ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी ढकाल एग्रो सेन्टर (३०१९११८७०) बाट रु. ४३७९५५ र उन्नत विज वृद्धि कम्पनी प्रा.लि (३०३८९६९७५) बाट रु. ५४६०८४ गरी जम्मा रु ९८४०३९ रकम वरावरको धानको विउ दरभाउपत्र लिएर खरिद गरी वितरण गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६७.१ उन्नत बीउमा कृषकहरुलाई उनुदान कार्यक्रमको सञ्चालन प्रकृया, २०७७ वमोजिम उपलब्ध गराइने अनुदान संघीय संचित कोषबाट उपलब्ध रकमबाट उन्नत विउ खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गरियो र उपभोक्ता बाट ५० प्रतिशत जम्मा भएको रु. ४५९३२४ रकम आम्दानि खातामा दाखिला भएको देखिन्छ । अतः स्थानिय खातामा जम्मा भएको रकम संघीय संचितको कोषमा सोधभर्ना गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४,५९,३२४

६७.२ आपूर्तिकर्ताले बीउ विजन ऐन, २०४५, बीउ विजन नियमावली, २०६९ र बीउ विजन प्रमाणीकरण निर्देशिका, २०७४ लगायत बीउ विजन गुणस्तरसंग सम्वन्धित अन्य कानूनी तथा नीतिगत व्यवस्थाहरुको अधिनमा रहि बीउको गुणस्तर कायम गर्नुपर्ने कृषकलाई मूल्य अनुदानमा उपलब्ध गराइने उन्नत बीउको गुणस्तर कायम गर्नु सम्वन्धित स्थानियतहको दायिन्व हुने व्यवस्था रहेको सन्दर्भमा पालिकाले यस्ता कार्यक्रम गर्दा कृषकहरुले यस्ता कार्यक्रम मार्फत अधिकतम लाभ लिन सक्ने वातावरणको विकास गर्दै वितरण गरिएका विउको गुणस्तरताको सुनिश्चितता गराउनुपर्ने हुन्छ ।

सैद्धान्तिक बेरुजु

६८ **औषधि खरिद -**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति

व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि-शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी भिमदेवी मेडिसिन सप्लायर्सलाई रु.१६,४९,१२१ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गर्ने र पुल सिस्टमको आधारमा आपूर्ति गरी पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **सामाजिक सुरक्षा कार्यक्रम -**

सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडाका वर्षभरीको २ वटा बैंक मार्फत लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न जम्मा रु. ८८९५५४६३.९ निकासा दिएको छ । बार्षिक नयाँ थप ४९२ र ३१२ जना लगत कट्टा भई कायम लाभग्राही संख्या २२७४ जनारहेकोछ, यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६९.१ **पारदर्शिता -** सामाजिक सरुक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिकाबाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन।

सैद्धान्तिक बेरुजु

६९.२ **अनुगमन तथा सुपरिवेक्षण -** सामाजिक सरुक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाको ध्यान जान पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६९.३ **भत्ता विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौताको सर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा उपलब्ध गराउने र बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको वितरण अनुसूची ८ अनुसार बैंकबाट प्राप्त गर्नु पर्ने जस्ता ब्यहोरा उल्लेख छ ।तर बैंकले उल्लिखित निष्कृय खाता र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन । तसर्थ सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन । कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैंक खातामा भुक्तानी निकासा पश्चात् मृत्यु भएका लाभग्राहीहरू बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी सङ्घीय सँचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६९.४ **दोहोरो बैंक खाता -** सामाजिक सुरक्षा तथा संरक्षण भत्ता पाउने लाभग्राहिको विवरण परीक्षण गर्दा देहायवमोजिमको लाभग्राहिको वैक खाता एउटै भएको निजको बैंक खातामा रकम भुत्तानी भएको देखिन्छ । यस पालिकाले बैंकमार्फत लाभग्राहीको खातामा भुक्तानी गरेको प्राप्त रिभर्स फिडको परिक्षण गर्दा निम्नानुसार लाभग्राहीको खातामा जम्मा भुक्तानी भएको रु.१७,२७,३२० सो रकमको दोहोरो भुक्तानी भएको रकम रु.५७४३९६ रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	६,१३,३७६

(विस्तृत विवरण बेरूजु दफा ६९.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७० **आन्तरीक आय** -

संघ, प्रदेश र स्थानिय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेछन् भनी नेपालको संविधान को धारा ६० ले व्यवस्था गरेको छ भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानिय सरकारका राजस्वका अधिकारमा सम्पत्ति कर, घरवहाल कर, भुमि कर (मालपोत), व्यवसाय कर लयात अन्य कर र शुल्क र दस्तुर सम्वन्धि व्यवस्था गरेको छ । नेपालको संविधान वमोजिम ठोरी गाँउपालिकाले "आर्थिक ऐन, २०७९" बनाई कार्यान्वयर गरेको सम्दर्भमा आन्तरीक आय सम्वन्धि देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् ।

७०.१ **सम्पत्ति कर -** पालिकाको आर्थिक ऐन, २०७९ को दफा २ मा गाँउपालिका क्षेत्रभित्र अनुसूची वमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असूल उपर गर्ने व्यवस्था रहेको छ । पालिकामा हालसम्म सम्पत्ति कर संकलन नभएको देखिन्छ । पालिकाले सम्पति करलाई राजस्वको दायरा ल्याउन सके पालिकाको आम्दानीको महत्वपुर्ण स्रोत वन्ने हुँदा पालिको सम्पति करलाई राजस्वको दायरामा ल्याउन विशेष जोड दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७०.२ **व्यवसायक कर -** पालिकाको आर्थिक ऐन, २०७९ को दफा ५ मा गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोकारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने

र असुल गर्ने व्यवस्था छ । पालिका व्यवसाय कर संकलन गर्न सफल भएको देखिदैन । व्यवसाय कर आर्थिक वृद्धि विकासको सुचक पनि हो तसर्थ पालिकाले गाँउपालिकामा व्यवसायकि क्रियाकलाप जोड एंव व्यवसायलाई प्रोत्साहन दिदै व्यवसायिक वातावरणको निर्माण गरी व्यवसायिक कर अधिकंम पार्ने लक्ष्य राख्नुपर्दछ । पालिकाले आफ्ना पालिकाभित्र व्यवसायिक पूर्वधार र वातारवरण निर्माण गर्न आफ्नो लक्ष्य, कार्य र खर्चलाई त्यस तर्फ जोड दिनुपर्दछ तसर्थ व्यवसायिक क्रियाकलाप वृद्धि भई व्यवसायिक कर लगायत समान्तर रुपमा सम्पत्ति कर र घरवहाल कर पनि वृद्धि हुने सम्भावना रहन्छ ।

सैद्धान्तिक बेरुजु

७०.३ **यन्त्र उपकरण -** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१	जे.सि.वि	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
२	टिप्पर ३ वटा	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको

सैद्धान्तिक बेरुजु

७०.४ **राजस्वको अवस्था -** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ उपदफा (१) बमोजिम राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकीए बमोजिम ढाँचामा लेखा राखि बैक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यलयमा एक महिना सम्म वा सो भन्दा बढि दिन पछि राजस्व दाखिला गरेको देखिन्छ । पालिकाले संकलन भएको राजस्व समयमै बैंक दाखिला गरी त्यसको अभिलेख गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष- २०७९/८०

कार्यालय र स्थान - ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा, ठोरी गाउँपालिका, पर्सा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कृष्णलाल श्रेष्ठ	२०७७-५-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	बुद्धिसागर मरहठ्ठा	२०७८-९-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण-

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,२७७,६६२	१,७४३,१५५.११	५,८६७,३७३	०	०	१००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९,९८८,१९०.११
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	९,९८८,१९०.११

स्थानीय तह -

गत बर्षको जिम्मेवारी		२६४८८५७५.१४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३३३४००००	**चालु खर्च**	२५३२६९१५३.९५
प्रदेश सरकारबाट अनुदान	१२७२१०००	**पूँजीगत खर्च**	१७८५१५९३२.७
राजश्व बाँडफाँट	७४५७२८७७.०६	**वित्तीय/अन्य व्यवस्था**	१८३५१२७५९.७८
आन्तरिक आय	४६६५७११.९४		
अन्य आय	१८०५७०९२६.७७		
कुल आय	६०५८७०५१५.७७	**कुल खर्च**	६१५२९७८४६.४३
बाँकी मौज्दात		१७०६१२४४.४८	

बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -३

गो भौ नं/मिति	योजनाको नाम	भुक्तानी पाउने	आइटम	परिमाण	भुक्तानी दर	दिनुपर्ने दर	फरक दर	जम्मा बढी भुक्तानी
तराई मधेश समृद्धि कार्यक्रम								
९।२०७९।९।१९, ७।२०७९।९।६ र ४९।२०७९।९।७ पालिका पुँजीगत	वडा नं ४ मा हुलाकी सडक पुर्व जाने बाटो ढलान	सम्बन्धित उ.स.	Pcc १-२-४	२८०	१०८४५	८७९६	२०४८	५७३५४४
प्रदेश सशर्त								
४०।२०८०।३।२४	कोईसाङको घरदेखि सानु मायको घर जाने बाटो स्ल्याव ढलान कार्य	सम्बन्धित उ.स	Pcc १-२-४	२३७	९०६०	८७९६	२६४	६२४८०
२।२०८०।३।२२	वडा नं ४ गोरखपुर टोलमा विर वहादुर श्रेष्ठको घरदेखि गुम्वालाईन जाने बाटो ढलान कार्य	सम्बन्धित उ.स.	Pcc १-२-४	१७१	९०५९	८७९६	२६३	४४८७४
पालिका पुँजीगत								
२२७।२०८०।२।३	वडा नं ५ स्थित डाडाँ टोलमा स्कुल देखि दक्षिण तर्फ सडक ढलान	सम्बन्धित उ. स	Pcc १-२-४	४७	९०५९	८७९६	२६३	१२२२५
२२८।२०८०।२।३	वडा नं १ कार्यालय टेउमा अधुरो मन्च निर्माण	सम्बन्धित उ स	१st class brick work १-६	४	१४३८१	१३४६९	९१२	३७७६
								६९६८९९

बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -४

सडक निर्माण तथा स्तरोन्नतीका केही उदाहरणहरु -

योजना तथा ठाँउको नाम	परिमाण	ईकाइ
पुरानो बाटो निर्माण/स्तरन्नोती		
Ikshanagarma	९	Hr
Ikshanagar pipeline bistar	१०	Hr
Iksha nagar Batoko track kholne ra milaune	१०	Hr

Iksha nagar Batoko track kholne ra milaune	१०	Hr
Iksha nagar Batoko track kholne ra milaune	६१७	cum
Deep boring pipeline khanne Nirmalbasti	६	cum
Nirmalbasti Batoma mato bharne	८२५	cum
Nirmalbasti Batoko track kholne ra milaune	८५२cum	
Bagmorcha bato filling, loading	७	Hr
Bagmorcha bato filling, loading	१०	Hr
Bijaybasti Bari Milaune	२	Hr
Bijaybasti Bari Milaune	२	Hr
Bijaybasti Nala Cleaning	१०	Hr
Farline deep boring ko pipe khaneko	६	Hr
Farline deep boring ko pipe khaneko ra pureko	६..५	Hr
Farline deep boring ko pipe khaneko ra pureko	४	Hr
Deep boring pipeline khanne Nirmalbasti	६	Hr
Ramnagar bari milaune	६	Hr
buddhanagar	५	Hr
Buddhanagar Hume pipe loading, unoading and pureko	४	Hr
Buddhanagar Hume pipe khanne ra pureko	१०	Hr
Chautarama kulo khaneko	६	Hr
Pipe line khanne ra purne	५	Hr
track opening from bansar to chautara	१२०	Hr
Excavation in Khola and dam construction		Hr
Dhedu Khola	६	Hr
Thute Khola	८	Hr
Chita Khola	६	Hr
Mato filling ward no १	१०	Hr
Odar bato banaune	७	Hr

Pipe line Khanne ra purne in ward २ Town	१०	Hr
Jali ko Foundation khanne	२	Hr
Pipe line Khanne ra purne in ward २ Town	७	Hr
Saraswoti Chwok to Chautara	७५०	cum
Sitaram Chwok to Hulaki Road	३००	cum
Sitaram Chwok to Hulaki Road	१८०	cum
Vagwannagar Chowk to Kunwar Tole	६००	cum
Kunwar tole to Tin gharey	४२०	cum
Kunwar tole to Dipaknagar school	६००	cum
Dipaknagar School to Itta bhatti tole	३००	cum
Tamuchwok to Ghol Tole	३२०	cum
Hulaki Road to Bhattarai Tole	४२०	cum
Kunwar Tole Road	३००	cum
Mahat Tole Road	३००	cum
Dev Chwok to Tadi Barpipal	२४०	cum
Saraswotinagar School to Hulaki Sadak	३००	cum
New Road to Rachi Tole	२००	cum
Dipak Baral ko Ghar Chheuko Road	२००	cum
Roshan ko ghar chheuko road	३२०	cum
Saraswoti nagar School to Rojinagar School	४००	cum
नयाँ बाटो तर्फ		
Thori २ dekhi chautra samma		
Length	६.५०	km
Execavation	३०४५०	cum
Loading,unloading,transportation	५८५०	cum

बेरूजु दफा ६९.४ सँग सम्बन्धित विवरण - अनुसूची -५

दोहोरो बैंक खाता भएका व्यक्तिका नामावली -

लाभग्राहीको सदस्य नं	लाभग्राहीको नाम	पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	चौथो किस्ता	बैंक खाता नं.	जम्मा भुक्तानी	फिर्ता गर्नुपर्ने रकम
२०१६१२३०९९७१९	बिल बहादुर विश्वकर्मा	७९८०	७९८०	७९८०	७९८०	१९१०१०००००२१७११०	३१९२०	७९८०
२०१६१२३०९३८२९	बिल बहादुर विश्वकर्मा	७९८०	०	०	०	१९१०१०००००२१७११०	७९८०	
२०१६१२३०९९७२७	गोपी लाल विश्वकर्मा	७९८०	७९८०	७९८०	७९८०	१९१०१०००००२२४११०	३१९२०	७९८०
२०१६१२३०९३७९५	गोपी लाल विश्वकर्मा	७९८०	०	०	०	१९१०१०००००२२४११०	७९८०	
२०१३१२३१२०१४३	राम चन्द्र विश्वकर्मा	७९८०	७९८०	७९८०	७९८०	१९१०१०००००२३३११०	३१९२०	७९८०
२०१३१२३११७४५३	राम चन्द्र विश्वकर्मा	७९८०	०	०	०	१९१०१०००००२३३११०	७९८०	
२००७१२३२३८७०४	साइली तामाङनी	१२०००	१२०००	१२०००	१२०००	१९१०१०००००२५६११०	४८०००	७९८०
२०४३०५०६०१३७४	साइली स्याङवो	७९८०	०	०	०	१९१०१०००००२५६११०	७९८०	
२००५१२३३४७९४७	राम बहादुर स्याङदान	१२०००	१२०००	१२०००	१२०००	१९१०१०००००२९९११०	४८०००	१२०००
२००५१२३३३१८१८	राम बहादुर स्याङदान	१२०००	०	०	०	१९१०१०००००२९९११०	१२०००	
२००७०९०१०२१४९	देवी माया श्रेष्ठ	१२०००	०	१२०००	१२०००	१९१०१०००००३३४११०	३६०००	२४०००
२००७०९०१०१५१३	देवि माया श्रेष्ठ	१२०००	१२०००	०	०	१९१०१०००००३३४११०	२४०००	
१९९९०३०५०४२०५	सुकु लक्ष्मी श्रेष्ठ	१२०००	१२०००	१२०००	१२०००	१९१०१०००००४७५११०	४८०००	१२०००
१९९३०७०२००८५७	सुक लक्ष्मी श्रेष्ठ	१२०००	०	०	०	१९१०१०००००४७५११०	१२०००	
१९९७१२३२२३०३५	वित्तल माया श्रेष्ठ	१२०००	०	१२०००	१२०००	१९१०१०००००६८८११०	३६०००	२४०००
१९९७१२३२१९३३५	मितल माया श्रेष्ठ	१२०००	१२०००	०	०	१९१०१०००००६८८११०	२४०००	
२०१२१२३१३८४६६	जित माया श्रेष्ठ	७९८०	०	०	७९८०	१९१०१०००००७०७११०	१५९६०	१५९६०
२०१२१२३१६३०६८	जित माया श्रेष्ठ	७९८०	७९८०	०	०	१९१०१०००००७०७११०	१५९६०	
२००७१२१००३३९९	ठूलो कान्छी श्रेष्ठ	१२०००	१२०००	१२०००	१२०००	१९१०१०००००७२६११०	४८०००	१२०००
२००७१२०३०१५५४	ठुलो कान्छि श्रेष्ठ	१२०००	०	०	०	१९१०१०००००७२६११०	१२०००	
२००९०९०३०१३०९	हिरामाया श्रेष्ठ	८०००	०	१२०००	०	१९१०१०००००७६८११०	२००००	१२०००
२००६०४०३०४१४४	हरि माया श्रेष्ठ	१२०००	१२०००	०	१२०००	१९१०१०००००७६८११०	३६०००	
२००८१२०२०३३२९	गोमा देबी शर्मा	१२०००	१२०००	१२०००	०	१९१०१००००१०८४११०	३६०००	२४०००
२००८१२०२०१२२४	गोमा देवि शर्मा	१२०००	०	०	१२०००	१९१०१००००१०८४११०	२४०००	

२०१२०९२३००५९२	मंगली बोट	७९८०	७९८०	७९८०	७९८०	१९१०१००००११३८११०	३१९२०	७९८०
२०२१०३०७००९४६	मंगली बोट	७९८०	०	०	०	१९१०१००००११३८११०	७९८०	
२००७०३२१०१७६१	अकल बहादुर गोले	१२०००	०	०	१२०००	१९१०१००००११९१११०	२४०००	२४०००
२००७०३२१०१२५८	अकल बहादुर गोले	१२०००	१२०००	१२०००	०	१९१०१००००११९१११०	३६०००	
२०७७०५२२०३३९१	शुसीला सुन्चेउरी	१५९६	१५९६	१५९६	१५९६	१९१०१००००१४८५११०	६३८४	१५९६
२०७७०५२२०४९९३	शुशिला सुन्चेउरी	१५९६	०	०	०	१९१०१००००१४८५११०	१५९६	
१९९९०६०२०१२१९	पदम कुमारी अधिकारी	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१५६७११०	४८०००	१२०००
२०००१२३३७२२५३	पदम कुमारी अधिकारी	१२०००	०	०	०	१९१०१००००१५६७११०	१२०००	
१९९९१२३२७६३२३	ललिता कुवँर	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१५८२११०	४८०००	४८०००
१९९९१२३२७३६८४	ललिता कुंवर	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१५८२११०	४८०००	
२००७०४०११३१६२	नर माया भट्टराइ	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१६६५११०	४८०००	१२०००
२००७०४०११३५७६	नर माया भट्टराइ	१२०००	०	०	०	१९१०१००००१६६५११०	१२०००	
२००७१२३२२३०४५	इन्द्र बहादुर बस्नेत	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१६८४११०	४८०००	१२०००
२००७१२३२३३८६१	इन्द्र बहादुर बस्नेत	१२०००	०	०	०	१९१०१००००१६८४११०	१२०००	
२००७१२३२५७९७७	ठूली घलान , तामाङ	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१७६४११०	४८०००	३२०००
२०१००८११०४९३४	लक्ष्मी पाठक	८०००	१२०००	१२०००	०	१९१०१००००१७६४११०	३२०००	
२००७१२३२३३९२९	लक्ष्मी कुमारी आले	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१७८९११०	४८०००	१२०००
२००७१२३३१५४७८	लक्ष्मी कुमारी आले	१२०००	०	०	०	१९१०१००००१७८९११०	१२०००	
२०१८०२०१०२५७३	काली माया सुनार	७९८०	०	०	०	१९१०१००००१८१८११०	७९८०	७९८०
२०१८०२०१०१५६४	कली माया सुनार	७९८०	७९८०	०	०	१९१०१००००१८१८११०	१५९६०	
२०२६०३०२०४७२४	टिका माया बस्नेत	७९८०	०	७९८०	७९८०	१९१०१००००१८३३११०	२३९४०	१५९६०
२०२६०३०२०४६३३	टीका माया बस्नेत	७९८०	७९८०	०	०	१९१०१००००१८३३११०	१५९६०	
२००८१११६०२९८४	अमर बस्नेत	१२०००	१२०००	१२०००	१२०००	१९१०१००००१९३६११०	४८०००	१२०००
२००८१२१०३९३८३	अमर बस्नेत	१२०००	०	०	०	१९१०१००००१९३६११०	१२०००	
२०१००३१९०२८५८	दिल माया श्रेष्ठ	४०००	१२०००	०	०	१९१०१००००१९५३११०	१६०००	१६०००

२००८०३१९०२५०६	दिल माया श्रेष्ठ	१२०००	०	१२०००	१२०००	१९१०१००००१९५३११०	३६०००	
१९९२१२३११३२१६	मन माया सुनुवार	१२०००	१२०००	१२०००	०	१९१०१००००१९५४११०	३६०००	२५०००
१९९२१२३१२२७२५	मन माया सुनुवार	१२०००	०	०	१२०००	१९१०१००००१९५४११०	२४०००	
२०१०१०१०१२८६९	लालु स्याङबो तमाङ	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२०७५११०	४४०००	४४०००
२०१०१०१०१५४५८	लालु स्याङबो तमाङ	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२०७५११०	४४०००	
२००९०८१२०२३५९	गणेश प्रसाद उपाध्याय	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२१२६११०	४४०००	४००००
२०१०११२६०२३६९	सुक बहादुर लोपचन	४०००	१२०००	१२०००	१२०००	१९१०१००००२१२६११०	४००००	
२००९०७०८०२४८२	रिसी प्रसाद भंडारी	४०००	१२०००	१२०००	१२०००	१९१०१००००२१७८११०	४००००	४००००
२००९०७०८०१५८३	रिसी प्रसाद भण्डारी	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२१७८११०	४४०००	
२०१०१२०५०५८०२	डिल बहादुर गुरुङ	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२३३७११०	४४०००	४४०००
२०१००९२५०४८४१	धन बहादुर श्रेष्ठ	८०००	१२०००	१२०००	१२०००	१९१०१००००२३३७११०	४४०००	
							१७२७३२०	६१३३७६

द्रष्टव्यः *प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम सङ्ख्या हेरफेर हुन सक्नेछ ।*